प्राङ्गारिक तथा जैविक मलमा प्रोत्साहन अनुदान व्यवस्थापन कार्यविधि, २०8३

प्रस्तावना: माटो स्वास्थ्य सुधार एवं व्यवस्थापनमार्फत् दीगो उत्पादन प्रणाली प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा प्राङ्गारिक तथा जैविक मलको आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढ बनाई किसानस्तरमा प्रयोग अभिवृद्धि गर्न किसानलाई प्रोत्साहन गर्नु वाञ्छनीय भएकोले, ... ले दिएको अधिकार प्रयोग गरी कृषि, वन तथा पर्यावरण मन्त्रालयले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्राङ्गारिक मलमा प्रोत्साहन अनुदान व्यवस्थापन कार्यविधि, २०8३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "अभ्यासमा आधारित प्राङ्गारिक मल" भन्नाले किसानले स्थानीयस्तरमा स्वयं उत्पादन गरी प्रयोग गरिने प्राङ्गारिक मल सम्झनु पर्दछ।

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने प्राङ्गारिक वा जैविक मल अनुदान कार्यक्रम सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार अन्तर्तको कृषि विषय हेर्ने जिल्लास्थित कार्यालय सम्झनु पर्दछ।

(घ) "केन्द्र" भन्नाले राष्ट्रिय माटो स्वास्थ्य तथा प्राङ्गारिक कृषि प्रवर्द्धन केन्द्र सम्झनु पर्दछ।

(ङ) "जैविक मल " भन्नाले मल नियन्त्रण आदेश, २०८३ ले निर्धारण गरेको मापदण्ड पुरा गरी तोकिएको निकायमा दर्ता भएका जैविक मल सम्झनु पर्दछ।

(च) "प्राङ्गारिक मल" भन्नाले मल नियन्त्रण आदेश, २०८३ ले निर्धारण गरेको मापदण्ड पुरा गरी तोकिएको निकायमा दर्ता भएका प्राङ्गारिक मल सम्झनु पर्दछ।

(छ) "प्रयोगशाला" भन्नाले प्राङ्गारिक वा जैविक मल परीक्षण गर्न मान्यता प्राप्त प्रयोगशाला सम्झनु पर्दछ।

(ज) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकार मातहतको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(झ) "प्रोत्साहन अनुदान" भन्नाले यस कार्यविधि बमोजिम प्राङ्गारिक वा जैविक मल प्रयोगमा किसानले प्राप्त गर्ने प्रोत्साहन अनुदान सम्झनु पर्दछ।

(ञ) "मन्त्रालय" भन्नाले कृषि, वन तथा पर्यावरण मन्त्रालय सम्झनु पर्दछ।

(ट) "विभाग" भन्नाले कृषि विभाग सम्झनु पर्दछ।

(ठ) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्दछ।

(ड) "स्थानीय तह" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रममा आवद्ध सम्बन्धित स्थानीय तह सम्झनु पर्दछ।

परिच्छेद-२

समिति सम्बन्धी व्यवस्था

३. प्राङ्गारिक तथा जैविक मल निर्देशक समिति: (१) प्राङ्गारिक तथा जैविक मलको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाउन देहाय बमोजिमको प्राङ्गारिक तथा जैविक मल निर्देशक समिति रहनेछः-

सचिव, मन्त्रालय	संयोजक
महानिर्देशक, विभाग	सदस्य
महानिर्देशक, पशु सेवा विभाग	सदस्य
सहसचिव, मल सम्बन्धी विषय हेर्ने महाशाखा, मन्त्रालय	सदस्य
निर्देशक, बाली तथा बागवानी, नेपाल कृषि अनुसन्धान परिषद्	सदस्य
प्रमुख, राष्ट्रिय कृषक समूह महासङ्घ	सदस्य
प्रमुख, केन्द्र	सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकता अनुसार सदस्य आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा नीतिगत सहजीकरण गर्ने,

(ख) कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा आवधिक समीक्षा गर्ने,

(ग) आवश्यकता अनुसार कार्यविधि संशोधनका लागि मन्त्रालयमा सिफारिस गर्ने र

(घ) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको लागि अनुदान रकम वा अनुदान दर नेपाल सरकार मन्त्रिपरिषद्समक्ष सिफारिस गर्ने।

४. प्राङ्गारिक तथा जैविक मल वितरण व्यवस्थापन समिति: (१) स्थानीय तहले यस कार्यविधि बमोजिम प्राङ्गारिक तथा जैविक मलको वितरण व्यवस्थापन सम्बन्धी कार्यका लागि स्थानीय तहमा प्राङ्गारिक तथा जैविक मल वितरण व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीयस्तरमा अभ्यासमा आधारित प्राङ्गारिक मल उत्पादन गर्ने उत्पादकको सूचीकरण गर्ने,

(ख) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न निवेदन पेश गर्ने किसानको जग्गा विवरण अद्यावधिक गरी अनुदान प्रयोजनका लागि प्रभावकारी क्षेत्रफल गणना गर्ने र सो प्रमाणित गरी केन्द्रमा पेश गर्ने,

(ग) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रममा बिक्री वितरण हुने मलको गुणस्तर नियमन सम्बन्धी कार्य गर्ने,

(घ) यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा आपूर्तिकर्ता छनौट गर्ने,

(ङ) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको अनुगमन निरीक्षण गर्ने।

परिच्छेद -३

प्राङ्गारिक तथा जैविक मलमा प्रोत्साहन अनुदान प्रवाह प्रक्रिया

५. दर्ता एवं सूचीकृत हुनुर्ने: (१) यस कार्यविधि बमोजिमको कार्यक्रममा सहभागी भई प्राङ्गारिक तथा जैविक मल आपूर्ति गर्न इच्छुक उत्पादक मल नियन्त्रण आदेश, २०८३ ले निर्धारण गरेको मापदण्ड पुरा गरी तोकिएको निकायमा दर्ता हुनुपर्नेछ। यसरी दर्ता भएका उत्पादकको विवरण दर्ता गर्ने निकायसँग समन्वय गरी केन्द्रले स्थानीय तहलाई जानकारी गराउनेछ।

(२) कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न इच्छुक अभ्यासमा आधारित प्राङ्गारिक मल उत्पादन गर्ने किसान स्थानीय तहमा सूचीकृत हुनुपर्नेछ। यस उपदफाको प्रयोजनको लागि अभ्यासमा आधारित प्राङ्गारिक मलको मापदण्ड अनुसूची-१ बमोजिम हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिम दर्ता र सूचीकृत भएका उत्पादक मात्र यस कार्यविधि बमोजिमको कार्यक्रममा सहभागी हुन सक्नेछन्।

६. किसानले जग्गा विवरणको लागि निवेदन दिनुपर्ने: (१) यस कार्यविधि बमोजिम प्रङ्गारिक तथा जैविक मलमा अनुदान प्राप्त गर्न इच्छुक किसानले आफूले खेती गरिरहेको जग्गाको स्वामित्व खुल्ने प्रमाणसहित स्थानीय तहमा निवेदन दिन सक्नेछन्।

तर, आफ्नो सवामित्वमा जग्गा नभएका भाडा वा लिजमा जग्गा लिई खेती गर्ने किसानले आफूले खेती गरिरहेको जग्गाको विवरण र सो पुष्टि गर्ने भाडा/लिज सम्बन्धी कागजात वा स्वघोषणा समावेश गरी स्थानीय तहमा निवेदन दिन सक्नेछन्।

७. जग्गा प्रमाणीकरण र वार्षिक अधिकतम अनुदान रकम स्वीकृत गरिने: (१) दफा ६ बमोजिम स्थानीय तहमा प्राप्त भएको निवेदन उपर जाँचबुझ गरी उपयुक्त देखिएमा स्थानीय तहले किसानको जग्गा विवरण प्रमाणीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमाणीकरण भएको जग्गाको क्षेत्रफलको आधारमा स्थानीय तहले अनुदान प्रयोजनका लागि प्रत्येक किसानको प्रभावकारी क्षेत्रफल गणना गरी प्रमाणित गर्नेछ। यसरी प्रभावकारी क्षेत्रफल गणना गर्दा जग्गाको क्षेत्रफल वृद्धिसँगै अनुदान रकम क्रमश: कम हुने गरी अनुसूची-२ बमोजिमको शुत्र र विधि प्रयोग गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुदान प्रयोजनका लागि प्रमाणित भएको प्रभावकारी क्षेत्रफलको विवरण अनुसूची-२ बमोजिम तोकिएको ढाँचामा स्थानीय तहले केन्द्रलाई पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको विवरण प्राप्त भएपश्चात् वार्षिक विनियोजित बजेटको परिधिभित्र रही केन्द्रले अनुसूची-२ बमोजिमको विधि प्रयोग गरी उपदफा (३) बमोजिम विवरण पेश गर्ने स्थानीय तहलाई बजेट उपलब्ध गराउनेछ

(५) उपदफा (४) बमोजिम प्राप्त बजेटको परिधिभित्र रही प्रभावकारी क्षेत्रफलको आधारमा अनुसूची-२ बमोजिमको शुत्र र विधि प्रयोग गरी स्थानीय तहले किसानको वार्षिक अधिकतम अनुदान रकम स्वीकृत गर्नेछ।

८. **<u>प्राङ्गारिक तथा जैविक मल खरिद गरी प्रयोग गर्ने किसानलाई प्रोत्साहन अनुदान व्यवस्था</u>:** (१) दफा ७ को उपदफा (५) बमोजिम अनुदान प्रयोजनका लागि प्रभावकारी जग्गा प्रमाणित भई वार्षिक अधिकतम अनुदान रकम स्वीकृत भएका किसानले मल नियन्त्रण आदेश, २०८३ ले निर्धारण गरेको मापदण्ड पुरा गरी तोकिएका निकायमा दर्ता भएका प्राङ्गारिक तथा जैविक मल उत्पादकबाट प्राङ्गारिक वा जैविक वा दुवै प्रकारका मल खरिद गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिमको खरिद सम्बन्धी पूर्व जानकारी किसानले स्थानीय तहलाई दिनुपर्नेछ र यसरी प्राप्त जानकारी बमोजिम स्थानीय तहले आवश्यकता अनुरूप गुणस्तर परीक्षण, स्थलगत अनुगमन निरीक्षण गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम खरिद यकिन गरी उपयुक्त देखिएमा स्थानीय तहले दफा ७ को उपदफा (५) बमोजिम स्वीकृत भएको वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकमको परिधिभित्र रही तोकिएको प्रोत्साहन अनुदान रकम सम्बन्धित किसानको खातामा भुक्तानी गर्नेछ।

९. **<u>अभ्यासमा आधारित प्राङ्गारिक मल प्रयोग गर्ने किसानलाई प्रोत्साहन अनुदान व्यवस्था</u>:** (१) प्राणी वा वनस्पतिजन्य स्रोतबाट स्थानीयतस्तरमा विविध प्रकारको प्राङ्गारिक मल, कम्पोष्ट, सुधारिएको गोठेमल, गड्यौला मल, जीवामृत लगायतका मल स्वयं उत्पादन गरी प्रयोग गर्ने किसानलाई स्थानीय तहले प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ।

तर, स्वयं उत्पादन गरी प्रयोग गर्ने किसानबाट उत्पादित अभ्यासमा आधारित प्राङ्गारिक मल बिक्री वितरण गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्न चाहने दफा ७ को उपदफा (५) बमोजिम अनुदान प्रयोजनका लागि प्रभावकारी जग्गा प्रमाणित भई वार्षिक अधिकतम अनुदान रकम स्वीकृत भएका किसानबाट उत्पादन भएको अभ्यासमा आधारित प्राङ्गारिक मल स्थानीय तहले यकिन गरी उपयुक्त देखिएमा

सम्बन्धित किसानको स्वीकृत वार्षिक अधिकतम अनुदान रकमको परिधिभित्र रही तोकिएको प्रोत्साहन अनुदान रकम स्थानीय तहले सम्बन्धित किसानको खातामा भुक्तानी गर्नेछ।

(३) अभ्यासमा आधारित प्राङ्गारिक मल प्रयोग गर्ने किसानले स्वीकृत वार्षिक अधिकतम अनुदान रकमको परिधिभित्र रही स्वयं उत्पादन गरेको मलका साथै मल नियन्त्रण आदेश, २०८३ ले निर्धारण गरेको मापदण्ड पुरा गरी तोकिएका निकायमा दर्ता भएका प्राङ्गारिक तथा जैविक मल उत्पादकबाट प्राङ्गारिक वा जैविक वा दुवै प्रकारका मल खरिद गर्न सक्नेछन्।

(४) यस दफा बमोजिम अभ्यासमा आधारित प्राङ्गारिक मल उत्पादन गर्ने किसानबाट उत्पादित मलको मूल्य स्थानीय तहले उपयुक्त आधार र मापदण्ड तय गरी निर्धारण गर्नेछ।

परिच्छेद-४

विविध

१०. **समन्वय र सहजीकरणः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनमा विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहका तर्फबाट देहाय बमोजिम सहयोग, सहजीकरण एवम् समन्वय गर्न सकिनेछ:-

(क) कार्यक्रमको अभिमुखीकरण र स्थानीय तहलाई बजेट निकासामा केन्द्रबाट सहजीकरण हुनेछ।

(ख) प्राङ्गारिक तथा जैविक मलको गुणस्तर नियमनका लागि प्रयोगशाला विश्लेषणमा केन्द्र र प्रदेश सरकारका प्रयोगशालाबाट समन्वय र सहजीकरण हुनेछ।

(ग) यस कार्यविधि बमोजिमको कार्यक्रम अन्तर्गत उपलब्ध हुने प्राङ्गारिक मल सम्बन्धी किसानस्तरमा जानकारी, किसानको माग एव् सो बमोजिम प्राङ्गारिक तथा जैविक मल वितरण र प्रोत्साहन अनुदान रकम प्रवाहमा स्थानीय तहबाट समन्वय र सहजीकरण हुनेछ।

११. **प्रतिवेदन पेश गर्नु पर्नेः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन भएका स्थानीय तहले सञ्चालित कार्यक्रमको त्रैमासिक प्रगति प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रगति प्रतिवेदनलाई केन्द्रले विभागमा पेश गर्नेछ।

१२. **कार्यक्रमको अनुगमन सम्बन्धी व्यवस्थाः** कार्यक्रमको अनुगमन तथा निरीक्षण मन्त्रालय, विभाग, केन्द्र, प्रदेश सरकारको कृषि विषय हेर्ने मन्त्राल/प्रयोगशाला/कार्यालय र स्थानीय तहले एकल वा संयुक्त रुपमा गर्न सक्नेछन्।

१३. **कारवाही हुनेः** (१) यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राहीले झुट्टा विवरण पेश गरी अनुदान प्राप्त गरेको पाईएमा वा प्राप्त अनुदानको दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(२) यस कार्यविधि बमोजिम प्राङ्गारिक तथा जैविक मल आपूर्ति गर्ने उत्पादकले कम गुणस्तरको प्राङ्गारिक मल आपूर्ति गरेको पाईएमा वा किसानलाई उपलब्ध गराएको परिमाणका सम्बन्धमा झुट्टा विवरण पेश गरी अनुदान दुरुपयोग भएको पाइएमा निज उत्पादकलाई प्रचलित कानुन बमोजिम कारबाही गरिनेछ।

(३) यस कार्यविधि बमोजिम प्राङ्गारिक तथा जैविक मल आपूर्ति गर्ने उत्पादकले बिक्री वितरण गरेको मल पुन: खरिद गरी कारोबार गर्न पाउने छैनन्।

१४. <u>बाध्यकारी हुने:</u> यस कार्यविधि बमोजिमका कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको हकमा मात्र यस कार्यविधिमा उल्लेखित व्यवस्था बाध्यकारी हुनेछ।

१५. <u>गुनासो व्यवस्थापन:</u> यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा समितिसमक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा समितिबाट भएको निर्णय अन्तिम हुनेछ।

१६. <u>कार्यविधि संशोधन गर्न सक्ने:</u> मन्त्रालयले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गर्न सक्नेछ।

१७. <u>खारेजी तथा बचाउ:</u> यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित कानुन बमोजिम हुनेछ।

अनुसूची-१

दफा ५ को उपदफा (२) सँग सम्बन्धित

क. अभ्यासमा आधारित प्राङ्गारिक मल

प्राणी अथवा वनस्पतिजन्य स्रोतबाट उत्पादन हुने अभ्यासमा आधारित विविध प्रकारको प्राङ्गारिक मल, कम्पोष्ट, सुधारिएको गोठेमल, गँड्यौला मल, जीवामृत लगायतका मलको मलको मापदण्ड देहाय बमोजिम हुनेछ:-

क्र.सं.	सूचक	मापदण्ड विवरण	प्रमाणीकरण अवस्था (☑ / ☐)	अङ्कभार (१००)
१	पूर्ण पाकेको र गलेको	मल कालो वा गाढा खैरो वा माटो जस्तो रङको, भुरभुराउँदो, दुर्गन्धमुक्त भएको हुनुपर्ने	[/]ठीक छ [ ] छैन	
२	हानिकारक तत्वमुक्त	मलमा प्लास्टिक, सिसा, फलामका टुक्रा र ढुङ्गा पूर्णतया मुक्त हुनुपर्ने।	[/]ठीक छ [ ] छैन	
३	उचित व्यवस्थापन	मललाई घाम-पानीबाट जोगाउन छाना भएको सुधारेको खाडल वा चिस्यान सुरक्षित तरिकाले	[/]ठीक छ [ ] छैन	

		भण्डारण गरिएको हुनुपर्नेछ।		
	कुल प्राप्ताङ्क	न्यूनतम उत्तीर्ण अङ्क: ६० अङ्क (६० र सो भन्दा माथि प्राप्त गर्ने मात्र सूचीकृत हुन योग्य)		

नोट: उत्पादन प्रक्रिया, उत्पादका लागि प्रयोग भएका कच्चा पदार्थ एवं स्थान विशेषका आधारमा प्राङ्गारिक मलको प्रकार बमोजिम आवश्यकता अनुरूप सम्बन्धित स्थानीय तहले सूचक र अङ्कभार थपघट एवं परिमार्जन गरी मापदण्ड निर्धारण गर्न सक्नेछ।

ख. सूचीकरण सम्बन्धी व्यवस्था

अभ्यासमा आधारित प्राङ्गारिक मल स्थानीय तहमा दर्ता हुनुपर्ने। खण्ड क मा तोकिएको मापदण्ड पुरा गर्ने उत्पादकको सम्बन्धित स्थानीय तहले आवश्यकता अनुरूप स्थलगत अवलोकन गरी उपयुक्त देखिएमा सूचीकृत गर्न सक्नेछ।

अनुसूची-२

दफा ७ सँग सम्बन्धित

किसानको जग्गा प्रमाणीकरण, अनुदान प्रयोजकनका लागि प्रभावकारी क्षेत्रफल र वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकम स्वीकृति सूत्र तथा विधि

क. प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय तहमा यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न निवेदन दिने किसानले खेती गरेको जमिनको आधारमा देहाय बमोजिम प्रभावकारी क्षेत्रफल गणना गर्नुपर्नेछ।

अ. ०.५ हेक्टरसम्म क्षेत्रफलमा खेती गर्ने किसानका लागि निजले खेती गरेको क्षेत्रफललाई तालिका १ बमोजिम प्रभावकारी क्षेत्रफल गणना गरिनेछ।

तालिका १: ०.५ हेक्टरसम्म खेती गर्ने किसानका लागि प्रभावकारी क्षेत्रफल गणना विधि

क्र.स. (१)	किसानको नामथर (२)	ठेगाना (३)	खेती गरेको क्षेत्रफल (हेक्टर) (४)	प्रभावकारी क्षेत्रफल (हेक्टर) (५=४)
१			क	क
२			ख	ख
३			ग	ग
...				
...				

०.५ हेक्टरसम्मा क्षेत्रफलमा खेती गर्ने निवेदन प्राप्त किसानको कूल जम्मा क्षेत्रफल र प्रभावकारी क्षेत्रफल	**कोलम ४ को जोड**	**कोलम ५ को जोड**

(नोट: ०.५ हेक्टरसम्म क्षेत्रफलमा खेती गर्ने किसानका लागि कोलम ४ मा प्रविष्ट भएको क्षेत्रफल नै प्रभावकारी क्षेत्रफल हुनेछ)

आ. ०.५ हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती गर्ने किसानको प्रभावकारी क्षेत्रफल तालिका २ बमोजिमको सूत्र प्रयोग गरी गणना गरिनेछ।

तालिका २: ०.५ हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती गर्ने किसानका लागि प्रभावकारी क्षेत्रफल गणना विधि

क्र.स. (१)	किसानको नामथर (२)	ठेगाना (३)	खेती गरेको क्षेत्रफल (हेक्टर) (४)	प्रभावकारी क्षेत्रफल (हेक्टर) (५=(√(२ × ४)) - ०.५)
१			क	(√(२ × क)) - ०.५
२			ख	(√(२ × ख)) - ०.५
३			ग	(√(२ × ग)) - ०.५
...				
...				
०.५ हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती गर्ने निवेदन प्राप्त किसानको कूल जम्मा क्षेत्रफल र प्रभावकारी क्षेत्रफल			**कोलम ४ को जोड**	**कोलम ५ को जोड**

(नोट: ०.५ हेक्टर भन्दा बढी क्षेत्रफलमा खेती गर्ने किसानका लागि कोलम ४ मा उल्लेखित क्षेत्रफललाई २ ले गुणा गरी आउने योगफलको वर्गमूल (square root) मा ०.५ घटाए पश्चात् प्राप्त हुने अङ्क प्रभावकारी क्षेत्रफल हुनेछ)

इ. तालिका १ र २ मा गणना भएको प्रभावकारी क्षेत्रफलको आधारमा प्रत्येक स्थानीय तहले आफ्नो स्थानीय तहमा यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न निवेदन दिने किसानको विवरण प्रमाणित गरी केन्द्रले तोकेको समयावधि भित्र तालिका ३ बमोजिमको ढाँचामा केन्द्रमा पेश गर्नुपर्नेछ।

तालिका ३: स्थानीय तहले प्रोत्साहन अनुदान प्रयोजनका लागि केन्द्रमा पेश गर्ने प्रभावकारी क्षेत्रफल सम्बन्धी विवरणको ढाँचा

किसानले खेती गरेको जमिनको क्षेत्रफल	**वर्गीकरण**	**किसान संख्या**	**जम्मा प्रभावकारी क्षेत्रफल**

			(हेक्टर)
०.५ हेक्टरसम्म	१		तालिका १ को कोलम ५ को जोडबाट प्राप्त हुने जम्मा प्रभावकारी क्षेत्रफल
०.५ हेक्टर भन्दा बढी	२		तालिका २ को कोलम ५ को जोडबाट प्राप्त हुने जम्मा प्रभावकारी क्षेत्रफल
जम्मा			**जम्मा प्रभावकारी क्षेत्रफल (हेक्टर)**

ई. स्थानिय तहबाट तालिका ३ बमोजिमको ढाँचामा विवरण प्राप्त भए पश्चात् केन्द्रले प्रत्येक वर्गीकरण अन्तर्गतको प्रभावकारी क्षेत्रफलको आधारमा तालिका ४ बमोजिम कूल प्रभावकारी क्षेत्रफल गणना गर्नेछ।

तालिका ४: केन्द्र प्रोत्साहन अनुदान प्रयोजनका लागि कूल प्रभावकारी क्षेत्रफल गणना गर्ने ढाँचा

स्थानीय तह (१)	**वर्गीकरण १ अन्तर्गत**		**वर्गीकरण २ अन्तर्गत**		**कूल जम्मा (वर्गीकरण १ र २)**	
	किसान संख्या (२)	**जम्मा प्रभावकारी क्षेत्रफल (३)**	**किसान संख्या (४)**	**जम्मा प्रभावकारी क्षेत्रफल (५)**	**किसान संख्या (६=२+४)**	**जम्मा प्रभावकारी क्षेत्रफल (७=३+५)**
....						
....						

जम्मा					**कोलम ६ को जोडबाट प्राप्त हुने जम्मा किसान संख्या**	**कोलम ७ को जोडबाट प्राप्त हुने जम्मा प्रभावकारी क्षेत्रफल**

उ. तालिका ४ बमोजिमको कूल प्रभावकारी क्षेत्रफलको आधारमा देहाय बमोजिमको अधिकतम प्रोत्साहन रकम गणना गरिनेछ।

तपसिल

प्रति हेक्टर वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकम (रु.)= विनियोजित कूल वार्षिक बजेट(रु.)/अनुदान प्रयोजनका लागि गणना भएको जम्मा प्रभावकारी क्षेत्रफल हेक्टर (तालिका ४ को कोलम ७ को जोडफल जम्मा)

प्रति हेक्टर वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकमको आधारमा प्रत्येक स्थानीय तहलाई सम्बन्धित स्थानीय तहबाट प्रमाणित जम्मा प्रभावकारी क्षेत्रफल (हेक्टर) को आधारमा नेपाल सरकारले बजेट उपलब्ध गराउनेछ।

ऊ. बुँदा उ बमोजिम गणना गरिएको प्रति हेक्टर वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकमको आधारमा प्राप्त बजेटको परिधिभित्र रही स्थानीय तहले प्रत्येक किसानका लागि तालिका ५ बमोजिम वार्षिक अधिकतम प्रोत्साहन रकम निर्धारण गर्नेछ।

तालिका ५: स्थानीय तहले किसानका लागि स्वीकृत गर्ने वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकम गणना विधि

किसानले खेती गरेको जमिनको क्षेत्रफल	**किसानको जम्मा प्रभावकारी क्षेत्रफल (हेक्टर)**	**किसानका लागि स्वीकृत वार्षिक अधिकतम प्रोत्साहन अनुदान रकम (रु.)**
०.५ हेक्टर सम्म (वर्गीकरण १)	क	प्रति हेक्टर अधिकतम प्रोत्साहन अनुदान रकम (रु.) × क
०.५ हेक्टर भन्दा बढी (वर्गीकरण २)	ख	प्रति हेक्टर अधिकतम प्रोत्साहन अनुदान रकम (रु.) × ख

ऋ. स्थानीय तहले तालिका ५ बमोजिम निर्धारण गरेको अधिकतम प्रोत्साहन अनुदान रकम नेपाल कृषि अनुसन्धान परिषद्बाट सम्बन्धित बालीको लागि सिफारिस गरिएको प्रयोग मात्राको आधारमा वार्षिक अधिकतम २ बालीको लागि हुन आउने परिमाण र यस कार्यविधिमा तोकिएको अनुदान प्रतिशत भन्दा बढी नहुने गरी वितरण गर्नुपर्नेछ।